**निर्णयहरुः**

१. उच्च सरकारी वकील कार्यालय तहको यस समन्वय समितिको अघिल्लो बैठकबाट पारित भएको निर्णय कार्यान्वयनको समिक्षा गरियो ।

२. प्रत्येक नागरिकको मानव अधिकारको संरक्षण र सम्वद्धन गर्नुका साथै महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा जोखिममा रहेका वा विशेष संरक्षण गर्नु पर्ने व्यक्तिहरुको हक अधिकारलाई प्राथमिकतामा राखि मुद्दाको अनुसन्धान कार्यलाई अगाडी बढाउने ।

३. कारागार व्यवस्थापनलाई चुस्त र दुरुस्त राख्न कारागार सुरक्षाको व्यवस्था, पेरीमिटरको सुरक्षाको उचित व्यवस्था, जोखिमका क्षेत्रहरुमा CC Camera जडानको पहल, कारागार व्यवस्थापनमा खटिने प्रहरी कर्मचारीहरुको नियमित रुपमा अदली बदली, अवैध सामाग्रीहरु (सुर्तिजन्य पदार्थ, मदिरा आदि) निषेध गर्ने, दुरुस्त रुपमा कैदी बन्दि तथा भेटघाट गर्ने व्यक्तिहरुको अभिलेख राख्ने कार्यलाई कडाईका साथ कार्यान्वयन गर्ने गराउने ।

४. अनुसन्धानको कार्य अगाडी बढी मुद्दा फछ्र्यौट हुन बाँकी रहेका जघन्य तथा गम्भीर प्रकृतिका मुद्दाहरुमा तत्काल अनुसन्धान नगर्ने र हदम्याद सकिनु अगाडीमात्रै पुनः अनुसन्धानको प्रकृया अगाडी बढाई अनुसन्धान पूर्ण रुपले पुरा नभई अनुसन्धान प्रतिवेदन गर्ने परिपाटीको अन्त्य गर्न नियमित अनुगमन गरी मुद्दा फछ्र्यौट गर्ने तर्फ पहल गर्ने ।

५. जाहेरी दर्ता हुनासाथ अनुसन्धानसँग सम्वन्धित विवरण र अनुसन्धान सहितको प्रारम्भिक प्रतिवेदन सम्वन्धित निकायमा पठाउने साथै अनुसन्धानको कार्य सम्पन्न भए पश्चात मुद्दा दायर गर्ने निकायमा अभियोग पेश गर्ने अन्तिम म्याद भन्दा कम्तिमा ३(तिन) दिन अगाडी(प्रतिवादी पक्राउ रहेकोमा) र प्रतिवादी फरार रहेको मुद्दामा अभियोग पेश गर्ने अन्तिम हदम्याद भन्दा कम्तीमा १ महिना अगाडि नै सरकारी वकील कार्यालयमा मिसिल पठाउन अनुसन्धान गर्ने निकायहरुलाई निर्देशन दिने ।

६. प्रहरी कर्मचारीले बकपत्र गर्नुपर्ने प्रतिवेदनबाट उठान भएका मुद्दाहरुमा अदालत तथा सम्वन्धित निकायमा वकपत्र गर्दा पूर्व प्रतिवेदनको व्यहोरासँग नबाझिने गरी बकपत्र गर्ने गराउने व्यवस्था गर्ने ।

७. सरकारवादी फौजदारी मुद्दाको पीडित तथा साक्षीको सुरक्षा सरंक्षण र साक्षीहरुलाई कानूनी परामर्श दिन विशेष ध्यान दिई निजहरुको सुरक्षा संरक्षणमा प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गर्ने ।

८. माननीय महान्यायाधिवक्ताज्युबाट मिति २०८०/०४/११ को निर्णयबमोजिम जारी भएको नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनु पर्ने सम्पूर्ण मापदण्ड पुरा गरेर मात्र मिलापत्र सम्वन्धी कार्य गर्ने गराउने ।

९. फौजदारी मुद्दामा साक्षी बकपत्रको महत्वपूर्ण भूमिका रहेको हुँदा सरकारी साक्षीहरुलाई तोकीएको मिति समयमा ईजलाशमा उपस्थित गराउन निर्देशन गर्ने ।

१०. अनुसन्धानको क्रममा संकलित भौतिक सवूदहरुको परीक्षण प्रतिवेदन समयमा नआएकोले मुद्दाको सुनुवाई प्रभावित भएको भनी अदालत तथा इजलासवाट पटक पटक ताकेता एवम् गुनासो आएकोले परीक्षण प्रतिवेदन यथासक्य चाडै पठाउन सम्बन्धित निकायहरुलाई जानकारी गराउने ।

११. मुद्दा अनुसन्धानका क्रममा अभियुक्तको जग्गाको विवरण माग गर्दा निजको ३ तिन पुस्ते विवरण नागरिकता नं साविक र हालको ठेगाना सहितको विवरण उल्लेख गरी माग गर्ने अनुसन्धान गर्ने निकायलाई निर्देशन दिने ।

१२. मुद्दाको अनुसन्धानको क्रममा तयार गरिने घटनास्थल मुचुल्कामा पक्राउ अभियुक्तको सही छाप गराउने लगायतका रित पुरा गर्ने सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिने ।

१३. सम्मानित महान्यायाधिवक्ताको कार्यालयबाट जनचेतनाका लागि तयार भएका विभिन्न भाषामा तयार गरिएको श्रव्य दृश्य प्रचार सामाग्री प्राप्त गर्न पत्र लेखि पठाउने साथै प्रचार सामाग्री प्राप्त भए पश्चात कार्यालयको आधिकारीक (Facebook page, Web site) लगायतका सञ्चार माध्यमहरुबाट प्रचारप्रसार गर्ने साथै प्रचारप्रसारको लागि स्थानीय तहसँग समन्वय गरी उक्त प्रचार सामाग्री स्थानीय तहमा समेत पठाउने।